# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail: info@mandavimun.gov.np, mandavimun2073@gmail.com


## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/१२/०९

माण्डवी गाउँपालिका र प्रदेश सरकार, लुम्बिनी प्रदेशको शसर्त अनुदान अन्तर्गत आ.व.२०७७/०७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कोभिड-१९ रोगका कारण कोभिड प्रभावित भइ गाउँ फर्केका कृषकलाई उत्पादन सामग्रीमा अनुदानमा रु. २० लाख प्राप्त भएकोले गाउँपालिकाका इच्छुक कृषक समुहहरु,कृषि सहकारी, कृषि फर्म/ अगुवा कृषकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिंन भित्र (मिति२०७७/१२/२३ गते भित्र) यस कार्यालयमा तपशिल अनुसारका कागजातहरु संलग्न राखि विवरण आवेदन सहित प्रस्ताव पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

**सर्तहरु**

- कम्तिमा १०० जनालाई व्यबसायिक खेति गर्न चाहने र बाहिरबाट फर्केका युवाहरु सहभागी हुन पाउने,
- अन्य कुनै कार्यक्रममा मौका नपाएका कृषकलाई प्राथमिकता दिइने छ ,
- परिवारको कुनै सदस्य बैदेशिक रोजगारमा नभएकोलाई प्राथमिकता दिइने छ ,
- नेपाल भित्र सरकारी,अर्धसरकारी वा निजी क्षेत्रमा रोजगारी नभएको प्राथमिकता दिइने छ,
- स्वोरोजगारबाट मासिक रु. १०,००० भन्दा बढी आम्दानी नभएको र कोभिडको कारण बिदेशबाट फर्केका परिवारको प्रति परिवार १ जना भन्दा बढी नहुने गरि आवेदन दिने,
- वालीहरु हकमा कम्तिमा २ रोपनी जग्गामा खेति गर्नुपर्नेछ ।
- मौरीपालनको हकमा ५ घार र गोला, च्याउखेतीको हकमा कम्तिमा च्याउ घर र १०० पोका
- खुकुरा पालनको हकमा कम्तिमा ५० चल्ला
- बंगुर पालनको र बाखापालनको हकमा कम्तिमा ५ वटा पाठापाठी

**कार्यक्रमहरु**

तरकारी खेति,फलफुल खेति,मौरीपालन, च्याउखेती, कुखुरापालन, बंगुर, बाखापालन, माछापालन र सो व्यवसायलाई आवश्यक पर्ने बिउ,मल,दाना,बिषादी, स-साना कृषि औजार,वाली संरक्षक सामाग्री थोपा सिंचाई, प्लास्टिक, मौरी गोला आदि ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. कृषक समूह/कृषि सहकारी/फर्महरुको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
२. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको फोटोकपी ।
३. योजना संचालन सम्बन्धि समूह/सहकारी/उपभोक्ता समितिको बैठकको निर्णय प्रतिलिपि ।
४. सम्बन्धित कृषि विकास तथा पशुपन्छी विकास शाखाको सिफारिस ।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
६. जग्गा धनीको पुर्जाको फोटोकपी ।
७. कार्ययोजना ।

शिशिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत